जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २६३ • २०८३ असार २९ गते सोमवार • 13 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेशको बजेट विवादमा सात सदस्यीय विशेष संसदीय कार्यदल गठन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ असार



मधेश प्रदेश सभामा आर्थिक वर्ष २०८३/८४ को बजेटलाई लिएर देखिएको विवाद र संसदीय गतिरोध अन्त्य गर्ने उद्देश्यले सात सदस्यीय विशेष संसदीय कार्यदल गठन गरिएको छ । सभामुख रामअशिष यादवले आइतबार बसेको प्रदेश सभा बैठकमा कार्यदल गठनको घोषणा गरेका हुन् ।

सभामुख यादवका अनुसार बजेट कार्यान्वयनका क्रममा देखिएका कानुनी, नीतिगत तथा व्यावहारिक जटिलताहरूको अध्ययन गरी समाधानका लागि आवश्यक सुझाव प्रस्तुत गर्ने जिम्मेवारी कार्यदललाई दिइएको छ । कार्यदलले तत्कालै आफ्नो काम सुरु गर्ने र आवश्यकता अनुसार कार्यविधि तयार गरी स्वतन्त्र रूपमा काम गर्न सक्ने अधिकार पाएको छ । कार्यदलमा जसपा नेपालबाट उपेन्द्र महतो, नेकपा एमालेबाट हरिनारायण महतो, नेपाली कांग्रेसबाट जंगीलाल राय छन् । त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट प्रमोद यादव, जनमत पार्टीबाट संजय यादव, संघीय समाजवादी पार्टीकी बिमला अंसारी र राप्रपाबाट सरिता ठाकुर छन् ।

कार्यदलको कामलाई प्रभावकारी बनाउन सभामुख यादवले मधेश प्रदेश सभा नियमावली-२०८२ को नियम १३५ को उपनियम (२) र (३) निलम्बन गर्ने प्रस्ताव पेश गर्न सांसद रवीन्द्र श्रेष्ठलाई अनुमति समेत दिएका छन् । यस निर्णयले कार्यदललाई आवश्यक प्रक्रियागत सहजता प्रदान गर्ने विश्वास गरिएको छ । प्रदेश सभामा बजेटसम्बन्धी विवादका कारण पछिल्ला केही दिनदेखि बैठक प्रभावित हुँदै आएको थियो । कार्यदल गठनसँगै बजेट कार्यान्वयनमा देखिएका अवरोध हट्ने र प्रदेश सभाको नियमित कार्यसूची अघि बढ्ने विश्वास गरिएको छ ।

अब कार्यदलले विभिन्न राजनीतिक दल तथा सरोकारवाला पक्षसँग छलफल गरी सहमतिका आधारमा सुझाव पेश गर्नेछ । सो सुझावका आधारमा बजेट कार्यान्वयन र प्रदेश सभाको गतिरोध अन्त्य गर्ने प्रयास गरिने प्रदेश सभाले जनाएको छ ।

## नदी नियन्त्रण संरचनाको मर्मत कार्य तीव्र



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २८ असार

महोत्तरीको रतवाडामा बाढीजन्य जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नदी नियन्त्रण संरचनाको मर्मत कार्य तीव्र पारिएको छ । नदी नियन्त्रण कार्यालयले वर्षायाममा हुन सक्ने कटान र डुबानको जोखिमलाई मध्यनजर गर्दै संरक्षण तथा मर्मतको काम अघि बढाएको हो ।


नदी नियन्त्रण कार्यालयका अनुसार नदी किनारमा क्षति पुगेका तटबन्ध तथा संरक्षण संरचनाको मर्मत, कमजोर स्थानको सुदृढीकरण तथा आवश्यक स्थानमा थप संरक्षणका काम भइरहेको छ । वर्षाको समयमा नदीको बहाव बढ्ने भएकाले सम्भावित जोखिमलाई कम गर्न मर्मत कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिएको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले पनि नदी नियन्त्रणको कामलाई प्रभावकारी रूपमा अघि बढाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको जनाएको छ । प्रशासनले नदी आसपासका बासिन्दालाई सतर्क रहन र जोखिम देखिए तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ ।

स्थानीयवासीले समयमै नदी नियन्त्रण संरचनाको मर्मत थालिएकोमा सकारात्मक प्रतिक्रिया जनाउँदै दीर्घकालीन रूपमा प्रभावकारी संरक्षणका लागि गुणस्तरीय निर्माण र नियमित अनुगमन आवश्यक रहेको बताएका छन् । वर्षायाम सक्रिय भएसँगै महोत्तरीका नदी तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढ्ने भएकाले नदी नियन्त्रण कार्यालयले जोखिमयुक्त स्थानमा आवश्यक तयारीलाई थप तीव्र बनाएको जनाएको छ ।




## निर्माण कार्य लक्ष्यभन्दा निकै पछाडि

जलेश्वरटुडे समाचारदाता
धनुषा, २८ असार



पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत कमला-ढल्केबर-पथलैया सडक विस्तार आयोजना अपेक्षित गतिमा अघि बढ्न नसक्दा निर्माण कार्य लक्ष्यभन्दा निकै पछाडि पुगेको छ । आयोजना सुरु भएको लामो समय बितिसक्दा पनि भौतिक प्रगति करिब २६ प्रतिशतमा मात्रै सीमित रहेको छ । यस अवधिसम्म करिब ५० प्रतिशत काम सम्पन्न भइसक्नुपर्ने थियो ।

आयोजनाका अनुसार रुख कटान, विद्युत्का पोल, खानेपानीका पाइप, टेलिफोनका तारलगायतका पूर्वाधार समयमै स्थानान्तरण हुन नसक्दा निर्माण कार्य प्रभावित भएको हो । कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवले आवश्यक संरचना हटाउने काममा भएको ढिलाइले निर्माणको गति सुस्त बनेको जानकारी दिए । विश्व बैंकको ऋण सहयोगमा धनुषाको कमला पुलदेखि बाराको पथलैयासम्म चार लेन सडक विस्तार गर्ने योजना अघि बढाइएको हो । हाल भने कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४ दशमलव ७५ किलोमिटर सडकखण्डमा मात्रै निर्माण कार्य भइरहेको छ ।

गत वर्ष पुसदेखि सुरु भएको यो आयोजना सन् २०२७ भित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि हालको प्रगतिले निर्धारित समयमा काम सकिने सम्भावना कमजोर देखिएको छ । निर्माण कम्पनीका प्रतिनिधिहरूले पछिल्लो समय इन्धन, निर्माण सामग्री तथा सञ्चालन खर्च बढेकाले पनि कामलाई तीव्रता दिन कठिन भएको बताएका छन् । रसुवा कन्स्ट्रक्सन कम्पनीका प्रतिनिधि सुजित रिजालले लागत वृद्धि र अन्य प्राविधिक चुनौतीका कारण अपेक्षित गतिमा काम गर्न नसकिएको बताए । कमला पुलदेखि बागमती पुलसम्मको सडक, पुल तथा कलभर्ट निर्माणको जिम्मेवारी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड (भारत), एसडब्ल्यु इजे (चीन) र रसुवा कन्स्ट्रक्सन कम्पनीको संयुक्त उपक्रमले पाएको छ । तर, निर्माणस्थलमा आवश्यक जनशक्ति परिचालन हुन नसकेको देखिएको छ । दैनिक आठ सयदेखि एक हजार मजदुर परिचालन हुनुपर्ने भए पनि अहिले सीमित संख्यामा मात्रै कामदार खटिएको र अधिकांश स्थानमा निर्माण कार्य ठप्पजस्तै रहेको स्थानीयको गुनासो छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# डिजिटल सेवा निर्यात प्रमुख स्तम्भ

*नेपालले जलविद्युत् उत्पादन, पर्यटन र कृषि जस्तै डिजिटल सेवा निर्यातलाई पनि राष्ट्रिय आर्थिक रणनीतिको एउटा प्रमुख स्तम्भ बनाउनुपर्ने देखिन्छ। आज विश्वभर नेपाली युवाले व्यक्तिगत रूपमा सफलता हासिल गरिरहेको छ। अबको आवश्यकता भनेको उनीहरूको सफलतालाई राष्ट्रिय आर्थिक रूपान्तरणसँग जोड्ने रहेको देखिन्छ। यदि लाखौं नेपाली युवा देशमै बसेर अन्तर्राष्ट्रिय बजारका लागि काम गर्न सक्ने वातावरण तयार गर्न सकियो भने यसले वैदेशिक मुद्रा आर्जन, रोजगारी सिर्जना, उद्यमशीलता विकास र नवप्रवर्तनलाई एकैसाथ तीव्रता दिन सक्छ। गिग इकोनोमी कुनै क्षणिक प्रवृत्ति होइन, यो विश्व श्रम बजारको नयाँ वास्तविकता रहेको देखिन्छ। नेपालसँग युवा जनशक्ति छ, सिक्ने उत्साह छ, सूचना प्रविधिमा बढ्दो रुचि छ र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता पनि रहेको छ। अब आवश्यक छ- दूरदर्शी नीति, आधुनिक शिक्षा, डिजिटल पूर्वाधार र सहजीकरण गर्ने शासन प्रणाली। नेपालको भविष्य केवल विदेशमा श्रम बेच्ने अर्थतन्त्रमा सीमित हुनु हुँदैन।*

*अब समय आएको छ, नेपाली युवाले आफ्नो ज्ञान, सिर्जनशीलता र डिजिटल सीप विश्व बजारमा निर्यात गर्ने र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ। यदि आज सही नीति, सही लगानी र सही नेतृत्वबाट यसलाई अघि बढाइयो भने गिग इकोनोमी नेपालको आर्थिक रूपान्तरणको नयाँ अध्याय बन्न सक्छ र त्यो अध्यायमा नेपाली युवा केवल रोजगारी खोज्ने नागरिक होइनन्, विश्व बजारमा प्रतिस्पर्धा गर्ने डिजिटल पेसाकर्मी, उद्यमी र नवप्रवर्तकका रूपमा स्थापित हुनेछन् र नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउन सहयोग मिल्ने देखिन्छ।*

# भूमिगत जलश्रोत ह्रास जलवायु परिवर्तनकै कारण भइरहेकोले सचेत हुन सबैमा आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ असार**

मधेश प्रदेशमा भूमिगत जलश्रोतको तीव ह्रास जलवायु परिवर्तनको कारण भइरहेकोले यसमा सबैजनालाई सचेत हुन आग्रह एक कार्यक्रममा गरिएको छ। जनकपुरधाम उपमहानगरपालिकामा जलवायु परिवर्तनको जोखिम बढदै गएको हुँदा त्यस क्षेत्रका युवाहरुले सञ्चालन गरेको 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि' कार्यक्रममा मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयका उपसचिव वेचन कुमार महतोले त्यस्तो आग्रह गर्नुभएको हो।

शनिबार अबेरसम्म जनकपुरधामको जिल्ला समन्वय समितिको सभाहलमा आयोजना गरिएको सो कार्यशाला गोष्ठीमा प्रमुख अतिथीको रुपमा बोल्नुहुदै वन तथा वातावरण मन्त्रालयका उपसचिव महतोले मधेशमा एकातिर भिषण गर्मी, अर्को तिर अप्रत्यासित बाढी तथा भूमिगत जलश्रोतको तीव ह्रास जलवायु परिवर्तनकै कारण भइरहेको दावी गर्नुभयो। उहाँले जलवायु परिवर्तनबाट भइरहेको जोखिमबारे यसक्षेत्रका युवाहरुले




दिइरहेको चासो र चिन्तालाई सकारात्मक रुपमा लिनुहुदै उहाँले जलवायु संकट केवल वातावरणीय समस्या मात्र नभई समाजका सबैभन्दा सीमान्तकृत समुदायको सामाजिक तथा आर्थिक न्यायको विषयमा गम्भीर वहस बनेको बताउनुभयो।

उहाँले मन्त्रालयले वन तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तथा कार्यान्वयन योजना लागू गरेको जानकारी दिनुहुदै स्थानीयतहहरुलाई पनि यसमा बजेट विनियोजन र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। दिगो विकास इन्स्टिच्युटले जनकपुरधाम वडानं. २४ बसहियाका युवा आभाष कर्णको नेतृत्वमा कायापलट, ओरेक नेपाल लगायतका संस्थाको सहकार्य र सहयोगमा सो कार्यशाला गरेको हो। कार्यशालाका नेतृत्वकर्ता आभाष कर्णले मधेश प्रदेशको आठ वटै जिल्लाका युवाहरुबीच जलवायु सम्बन्धी नीति निर्माण, जलवायु न्यायका मुख्य चुनौती, समस्या र सो समस्या समाधानका विषयवस्तुमा केन्द्रीत रही छलफल गरिएको जानकारी दिनुहुदै जलवायु सम्बन्धी चेतना यस क्षेत्रमा कमी देखिएकोले कार्यशाला आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा वन तथा वातावरण मन्त्रालय मधेस प्रदेशका उपसचिव बेचन कुमार महतोसहित ओरेक नेपाल मधेस प्रदेशका संयोजक बिना सिंह, कायापल्ट संस्थाका अध्यक्ष दिवाकर उप्रेती, कार्यक्रम अधिकृत प्रत्युस ठाकुर र नेपाल पत्रकार महासंघ धनुषाका पुर्ब अध्यक्ष मनिका झा लगायतका व्यक्तिहरु वक्ताका रुपमा आफ्नो मन्तव्य राख्नुभएको थियो। कायापलट संस्थाका कार्यक्रम अधिकृत प्रत्युख ठाकुरले जलवायु परिवर्तन र जलवायु न्याय, मधेस प्रदेशमा यसको अवस्था, संकट न्यूनीकरण र ब्यबस्थापन, मानव अधिकार र युवाका दायित्व भन्ने बारेमा जानकारी दिनुभएको थियो भने ओरेक नेपालका बिना सिंहले जलवायु परिवर्तनका कारण महिलाका स्वास्थ र जीवनमा पर्ने प्रभावबारे आफ्ना बिचार राख्नुभएको थियो। त्यस्तै नेपाल पत्रकार महासंघ धनुषाका पुर्ब अध्यक्ष मनिका झाले सूचना, समाचार, प्रविधिका मार्फत जलवायु न्याय सम्बन्धी जनचेतना अभियान चलाउन सकिने र यसको लागि पत्रकारजगतले भूमिका निर्वाह गरिरहेको बारेमा जानकारी दिनुभएको थियो। कार्यशालामा वक्ताहरुले पर्यावरण संरक्षणका लागि सक्रिय भई युवाहरु लाग्ने हो भने पर्यावरण संरक्षणमा टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए। जनकपुरधाममा फोहरको समस्यालाई समाधान गर्न तथा जलवायु परिवर्तनले परिरहेको असरको न्यूनीकरण गर्न अब युवाहरुले नेतृत्व लिनुपर्नेमा वक्ताहरुले जोड दिएका थिए।

# हुलाकी सडक खण्डमा स्थानीयले गरेको सडक अवरोध हटे

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २८ असार**

सप्तरीको बोदेबरसाइन नगरपालिका-५ अन्तर्गत पर्ने राजविराज-बलान हुलाकी सडक खण्डमा स्थानीयले गरेको सडक अवरोध हटेको छ।

कल्भर्टबाट पानी निकास अवरुद्ध हुँदा बस्ती र खेतीयोग्य जमिन डुबानमा परेपछि आक्रोशित स्थानीयले सडक अवरुद्ध गरी विरोध जनाएका थिए। डुबानको समस्या समाधानका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक सुमन तामाङको नेतृत्वमा खटिएको प्रहरी टोलीले जेसीबी प्रयोग गरी कल्भर्ट आसपास जमेको पानीको निकास



खुलाएको थियो। त्यसपछि स्थानीयले सडक अवरोध हटाउँदै यातायात सञ्चालन गर्न सहमति जनाएका हुन्। पानी निकास खुलाउने कार्यमा बोदेबरसाइन नगरपालिका-४ का वडाध्यक्ष किरण कुमार साह, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नगर प्रहरीको संयुक्त सहजीकरण रहेको थियो। वडाध्यक्ष किरण कुमार साहका अनुसार कल्भर्टमा पानी निकास बन्द भएपछि स्थानीय बासिन्दाले निकै सास्ती व्यहोर्नुपरेको थियो। अहिले सडकको छेउबाट अस्थायी रूपमा पानी बग्ने व्यवस्था मिलाइएकाले तत्कालका लागि डुबानको समस्या नियन्त्रणमा आएको उनले बताए। स्थानीयका अनुसार हुलाकी सडकअन्तर्गत रहेको कल्भर्टमा पानी निकास अवरुद्ध हुँदा करिब १० घर डुबानमा परेका थिए भने ७ विघाभन्दा बढी खेतीयोग्य जमिनसमेत जलमग्न भएको थियो। डुबानका कारण स्थानीयको जनजीवन प्रभावित हुनुका साथै कृषकले ठूलो क्षति बेहोर्नुपरेको बताएका छन्। स्थानीयले दीर्घकालीन समाधानका लागि कल्भर्टको क्षमता विस्तार, नियमित सरसफाइ तथा प्रभावकारी पानी निकासको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। यद्यपि, हालका लागि पानीको निकास खुलाइएपछि राजविराज-बलान हुलाकी सडकमा यातायात सञ्चालन पुनः सहज बनेको छ।

## तपाईको टुडे

मेषः पिछडेको साथी मिल्ने
वृषः अनावश्यक खर्चको संभावना
मिथूनः विचार गरेर बोल्नुहोला
कर्कटः अनावश्यक चिन्ता
सिंहः शुभ कार्यको शुरुवात
कन्याः खानपानमा समस्या आउने
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः लामो यात्राको योग छ
धनुः मित्रतामा फाटो आउने
मकरः पढाईमा ध्यान दिनुपर्ने
कूम्भः मनमा पछुतो आउने
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# रहेनन् कतारका पूर्वअमिर शेख हमद बिन खलिफा अल थानी



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २८ असार

कतार सरकारले आफ्ना पूर्वनेता शेख हमद बिन खलिफा अल थानीको दुःखद निधन भएको घोषणा गरेको छ। कतारको अमिर कार्यालय (दीवान) ले सामाजिक सञ्जालमार्फत आधिकारिक विज्ञप्ति जारी गर्दै पूर्वअमिर शेख हमदको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ र उनीप्रति उच्च श्रद्धाञ्जली अर्पण गरेको छ ।

उनले सन् १९९५ देखि २०१३ सम्म कतारको अमिरका रूपमा देशको नेतृत्व गरेका थिए । शेख हमदलाई सीमित आर्थिक स्रोत भएको एउटा सानो खाडी राष्ट्रलाई विश्वकै धनी र शक्तिशाली मुलुकहरूको सूचीमा पुर्‍याउने आधुनिक कतारको प्रमुख योजनाकारका रूपमा हेरिन्छ। उनकै नेतृत्वकालमा कतारले प्राकृतिक ग्यास र तेल क्षेत्रको उपयोग गर्दै तीव्र आर्थिक विकास हासिल गर्‍यो र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो बलियो कूटनीतिक प्रभाव विस्तार गर्‍यो। उनकै शासनकालमा सन् १९९६ मा विश्वप्रसिद्ध अन्तर्राष्ट्रिय समाचार संस्था 'अल जजिरा मिडिया नेटवर्क' को स्थापना भएको थियो, जसले अरब जगतको पत्रकारितालाई विश्वस्तरमा स्थापित गर्‍यो । शेख हमदले सन् १९९५ को जुन महिनामा आफ्ना बुबा शेख खलिफा बिन हमद अल थानी विदेश भ्रमणमा रहेका बेला एक रक्तहीन सत्ता परिवर्तन मार्फत कतारको नेतृत्व आफ्नो हातमा लिएका थिए । कतारलाई ऊर्जा, सञ्चार र अन्तर्राष्ट्रिय कूटनीतिको केन्द्र बनाएपछि उनले सन् २०१३ को जुनमा आफ्ना छोरा तथा वर्तमान अमिर शेख तमिम बिन हमद अल थानीलाई सत्ता हस्तान्तरण गर्दै स्वेच्छिक रूपमा गद्दी त्याग गरेका थे ।

सत्ताका लागि तीव्र प्रतिस्पर्धा हुने अरब विश्वको आधुनिक इतिहासमा यसरी स्वेच्छिक रूपमा युवा पुस्तालाई सत्ता सुम्पनुलाई एक दुर्लभ र ऐतिहासिक घटनाका रूपमा लिइन्छ । १९औं शताब्दीको मध्यदेखि अल थानी परिवारले शासन गर्दै आएको कतार सन् १९७१ सम्म बेलायतको संरक्षित राज्य (प्रोटेक्टोरेट) को रूपमा रहेको थियो । हाल करिब ३० लाख जनसङ्ख्या भएको यो सानो देशको अर्थतन्त्र मुख्य रूपमा ग्यास र तेलमा आधारित छ भने यहाँको जनसङ्ख्याको ठूलो हिस्सा नेपालसहित विभिन्न देशबाट गएका विदेशी श्रमिकहरूले ओगटेका छन् । आधुनिक कतारको जग बसाल्ने नेताको अवसानले कतारी नागरिक र त्यहाँ रहेका आप्रवासी समुदायमा शोक छाएको छ ।

# छ महिनायताकै न्यून बिन्दुमा शेयर बजार, बालेन सरकार गठनपछि ३५० अंकले गिरावट



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २८ असार

नेपालको शेयर बजार पछिल्लो समय निरन्तर ओरालो लाग्ने क्रममा रहेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दुई हजार छ सयको बिन्दुमा झरेसँगै बजार छ महिनायताकै न्यून स्तरमा पुगेको हो । नयाँ सरकारको गठन र नयाँ नीतिहरूको घोषणा भए पनि लगानीकर्ताहरूमा उत्साह देखिनुको सट्टा निराशा छाएको तथ्यांकले देखाउँछ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र साहको नेतृत्वमा सरकार बनेपछि शेयर बजार बढ्ने आशा गरिएको थियो । तर शेयर बढ्न सकेको छैन । गत फागुन २१ गते भएको निर्वाचन अगाडि रास्वपाले आफ्नो वाचापत्रमा समेत शेयर बजारमैत्री नीतिहरूको घोषणा गरेको थियो । तर सरकार बनेको भोलिपल्टैदेखि शेयर बजार भने घट्न शुरू भएको थियो ।

बालेन सरकारले शपथ ग्रहण गर्नुभन्दा ठीक अघिल्लो दिन अर्थात चैत १२ गते नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई हजार नौ सय ५०.१६ बिन्दुको उच्च स्थानमा अडिएको थियो। तर आजको दिनसम्म आइपुग्दा भने नेप्से परिसूचक दुई हजार छ सयको बिन्दुमा आएको छ । यसरी हेर्दा बालेन सरकार आए यतामात्र समग्रमा तीन सय ५० अंकले घटेको छ । यो शेयर बजारको ठूलो गिरावट हो । नेप्से परिसूचक दुई हजार छ सय बिन्दुमा आएसँगै छ महिना यताकै न्यून बिन्दुमा नेप्से आएको छ ।

गत पुस ९ गते दुई हजार पाँच सय ९७ बिन्दुमा बन्द भएको थियो । त्यसयता भने भने शुक्रबार नेप्से परिसूचक दुई हजार छ सय बिन्दुमा आएको छ । यो छ महिनाको अवधिमा नेप्से परिसूचक उच्चतम् दुई हजार नौ सय ७० (चैत ११ गते) पुगेको थियो। तर त्यसयता भने बजार लगभग निरन्तर जस्तो घट्दो क्रममा नै छ । बजेट र मौद्रिक नीतिले जगाउन सकेन उत्साहः नेप्सेमा भएको कारोबारको ट्रेण्डलाई हेर्ने हो भने बजेटपछि नै शेयर बजार घटेको देखिएको छ । लगानीकर्ताले लामो समयदेखि माग गरेको पुँजीगत लाभ करनै अन्तिम कर हुनुपर्ने भन्दै आएका थिए । व्यवहारिक रूपमा त पुँजीगत लाभ करनै अन्तिम कर भए पनि कानूनी रूपमा भने मान्यता पाएको थिएन। लगानीकर्ताहरूले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई भने उक्त माग राखेका थिए । लगानीकर्ताको माग बमोजिमै वाग्ले पनि आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा पुँजीगत लाभ करणै अन्तिम कर हुने व्यवस्था गरेका थिए । तर पनि शेयर बजार भने बढ्न सेकेको छैन ।

बजेटमा वाग्लेले शेयर बजारको सुधारका लागि भन्दै १० ओटा नीतिहरू लिएका थिए। जसमा एनआरएन भित्र्याउनेदेखि नेप्सेको पुनर्संरचनाको विषयसमेत परेको थियो । तर बजारमा भने त्यसको खास असर भने देखिएन । अर्थमन्त्री वाग्लेले आगामी वर्षका लागि बजेट प्रस्तुत गर्नु अघि जेठ १३ गते नेप्से पाँच अंकले बढेर दुई हजार सात सय ८२ बिन्दुमा बन्द भएको थियो ।

आगामी आवका लागि जेठ १५ गते बजेट प्रस्तुत भयो। त्यसपछि भएको कारोबारमा धेरैले सकारात्मक सर्किट लेभलमा नेप्से पुग्ने अनुमान गरेका थिए । तर बजारले भने उल्टो बाटो समात्यो । बजेटपछि पहिलो कारोबार दिन नै नेप्से २६.७२ अंकले घटेर दुई हजार सात सय ५५ बिन्दुमा परिसूचक आएको थियो । बजेट आए यता मात्रै पनि नेप्से ८६ अंकले घटेको छ ।

# फिल्म 'माया भनेकै यस्तो होला' मा मदनकृष्णदेखि सृष्टिसम्मको अभिनय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २८ असार




'माया भनेकै यस्तो होला' भदौ २६ गतेबाट प्रदर्शनमा आउने फिल्म हो । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले मुख्य कलाकार सबै समेटिएको पोस्टर सार्वजनिक गरेको छ ।

पोस्टरमा फिल्मका दिल श्रेष्ठ हल्दी डे मनाइरहेका छन् भने त्यसमा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ समेत अटाएका छन् । विवाहपूर्व मनाइने यो हल्दी डेमा उपस्थिति सबै प्रफुल्ल मुद्रामा छन् । हल्दी डे का लागि सजाइएको झकिझकाउ स्पेस र उपस्थितहरूको पहिरनले खानदानी परिवारको छोराको बिहे भइरहेको प्रस्ट पारेको छ । नम्रताको हातमा बधाईका लागि हुनेवाला दुलाहालाई दिन ल्याएको बुके छ ।

# आधारभूत मानव अधिकार कार्यान्वयनका लागि प्रतिदिन खबरदारी बढ्दै

जलेश्वरटुडे समाचारदाता
मोरङ, २८ असार



आधारभूत मानव अधिकार कार्यान्वयनका लागि प्रतिदिन खबरदारी बढ्दै गएको कोशी प्रदेश सभा सदस्य एवम् सामाजिक विकास समितिका सभापति गयानन्द मण्डलले बताउनु भएको छ ।

इन्सेक कोशी प्रदेश कार्यालय, विराटनगरले आयोजना गरेको शिक्षा र स्वास्थ्यको अधिकार विषयक अन्तरक्रियामा सभापति मण्डलले आधारभूत मानव अधिकारको प्रत्याभूतिका लागि अधिकारकर्मीको खबरदारी बढदै गएको बताउनु भयो । शिक्षा र स्वास्थ्यका लागि सरकारले गरेको लगानी अनुसार नागरिकले गुणस्तरीय सेवा नपाएको भन्दै सेवा प्रदायक समक्ष खबरदारी बढनु जरुरी रहेको पनि उहाँले बताउनु भयो । कार्यक्रममा कोशी प्रदेश सभा सदस्य एवम् सामाजिक विकास समितिका सदस्य सपना दर्जीले नयाँ शिक्षा ऐन नबन्दा पुरानै ऐनबाट काम चलाउनु परिरहेको गुनासो गर्नु भयो । उहाँले निजी अस्पतालबाट स्वास्थ्य बीमा सेवा हटाएपछि नगारिकले स्वास्थ्य बीमाबाट सुविधा पाउन सास्ती व्योर्होनु परेको बताउनु भयो ।


अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगरका प्रमुख वीरबहादुर बुढा मगरले महंगो स्वास्थ्य सेवाले पनि मानव अधिकारको हनन भइरहेकोले खबरदारी आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा इन्सेक कोशी प्रदेश कार्यालयका संयोजक मनोहरकुमार पोखरेलले शिक्षा र स्वास्थ्यलाई संविधानले नागरिकको मौलिक हकका रुपमा सुनिश्चित गरे पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो । आधारभूत शिक्षा र स्वास्थ्य निशुल्क पाउने संविधान प्रदत्त अधिकारको लागि दबाब सिर्जना नगरेसम्म सरकारले प्रभावकारी कार्यान्वयन नगर्ने उहाँले बताउनु भयो ।
कार्यक्रममा डाक्टर नवराज सुब्बाले स्वास्थ्य सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै स्वास्थ्य बीमा हटाउने भन्दा पनि व्यवस्थित गर्न जरुरी रहेको बताउनु भयो । 'फर्जी बीमा दाबी रोक्न रियलटाइममा बायोमेट्रिक ट्याकिङ प्रणाली अपनाउन आवश्यक छ' उहाँले भन्नुभयो 'स्थानीय स्वास्थ्य चौकी सवल भए जटिल प्रकारका बाहेक अन्य बिरामीहरू ठूला अस्पताल नजाने र जनताले स्थानीयस्तरमै स्वास्थ्य सेवा पाउनुका साथै ठूला अस्पतालमा हुने भीड पनि कम हुनेछ ।' शिक्षा सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै टंक गौतमले संविधान प्रदत्त शिक्षाको अधिकार कार्यान्वयनका लागि सरकारको तल्लो तह वडा कार्यालयहरूलाई सबल बनाउन आवश्यक रहेको बताउनु भयो। कार्यपत्रमाथि धारणा राख्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेशका उपाध्यक्ष कुमुद अधिकारीले नागरिकलाई आर्थिक रुपमा सवल नबनाई गुणस्तरीय शिक्षा र स्वाथ्योपचार पाउन नसक्ने बताउनुभयो । अन्तरक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ मोरङकी अध्यक्ष सुशीला पाठकले सीमान्तकृत, गरिब र तल्लो तहका बालबालिकालाई लक्षित नीतिगत व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो। पाठकले क्षयरोगका कारण बर्षेनी धेरै मानिसहरूले ज्यान गुमाइरहनु परेकाले क्षयरोग नियन्त्रणमा सरकारले चासो देखाउन आवश्यक रहेको बताउनुभयो ।
पत्रकार गणेश लम्सालले सरकारै पिच्छे स्वास्थ्य बीमाबारे फरक-फरक धारणा आइरहेको गुनासो गर्नुभयो । एक लाखको स्वास्थ्य बीमा पनि दिन नसकिने लाचारी व्यक्त गर्ने सरकार स्वास्थ्यप्रति गम्भीर नरहेको बताउनु भयो । गैर सरकारी संस्था महासंघ मोरङ अध्यक्ष विष्णु शर्माले सरकारी विद्यालय र सरकारी अस्पतालको अवस्था सुधार गर्न र गुणस्तरीय सेवा प्रदान गर्न सरकारले गम्भीर हनुपर्ने धारणा राख्नुभयो ।

प्याब्सन मोरङका उपाध्यक्ष विष्णु डंगोलले राजधानीका ठूला निजी विद्यालयहरूलाई हेरेर साना विद्यालयका लागि नियम बनाउने प्रवृत्ति गलत रहेको बताउनु भयो। 'दुई खाले शिक्षा अन्त्य गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न सरकारले नै निजी विद्यालय चलाओस वा सामुदायिक विद्यालयलाई निजी क्षेत्रको जिम्मा दिइयोस्' डंगोलले माग गर्नुभयो । अन्तरक्रिया कार्यक्रमा विराटनगर महानगरपालिका ११ का वडाध्यक्ष तथा न्यायिक समिति सदस्य तीर्थेन्द्र न्यौपानेले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर क्रमशः सुध्रदै गएको र थप सुधारका लागि नीतिअनुसार सरकारले बजेट विनियोजन गर्नुपर्ने बताउनु भयो । राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेश कार्यालयका व्यवस्थापक सरोज नेपालीले अटिज्म, डाउनसिन्ड्रोम, बौद्धिक अपाङ्गता भएका बालबालिका शिक्षाबाटै वञ्चित हुनुपरेको, बहिरा अपाङ्गता भएका विद्यार्थीलाई कोशी प्रदेशमा कक्षा १२ माथि पढ्ने क्याम्पस नै नरहेको र ह्वील चेयर किन्ने पसल समेत नरहेको गुनासो गर्नुभयो । जेष्ठ नागरिक महासंघ कोशी प्रदेशका अध्यक्ष मणि अर्ज्यालले विपन्न बालबालिकाले अझै पनि शिक्षा पाउन नसकेको र निःशुल्क हुन नसकेको बताउनु भयो । अन्तरक्रिया कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइका अधिकृत प्रकाश गुरुङले संघीयतापछि शिक्षाको अधिकार स्थानीय सरकारमा गएकाले आधारभूत अधिकारको कार्यान्वयनको अवस्थाबारे सामाजिक संघसंस्थाले सुक्ष्म निगरानी गर्नुपर्ने आवश्यकता औल्याउनु भयो । कार्यक्रममा मानव अधिकार रक्षक सञ्जाल कोशी प्रदेशका संयोजक देवी बाँस्कोटाले इन्सेकले शिक्षा र स्वास्थ्यको अधिकारका विषयमा छलफल गरी आधारभूत मानव अधिकारको कार्यान्वयनका लागि तीनै तहको सरकारलाई जिम्मेवार बनाउन दबाब सिर्जनाका लागि सरोकारवालाबिच अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । अन्तरक्रिया कार्यक्रममा विराटनगर महानगरपालिकाको शिक्षा र स्वास्थ्य शाखाका प्रतिनिधि, कानुनका विद्यार्थी, अभिभावक, विद्यालय नर्स, स्वास्थ्य स्वयम्सेविका, विभिन्न संघसंथाका प्रतिनिधि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

# विश्वमा नेपाललाई के भनेर चिनाउने ?

-राष्ट्रिय स्वतन्त्र पार्टीको भर्खरै सकिएको महाधिवेशनले नयाँ संविधानबाट निर्देशित विकास केन्द्रित परराष्ट्र नीति अपनाउने निर्णय गरेको छ । यो विगतकै निरन्तरता भएकाले यसमा मुख्य राजनीतिक शक्तिहरूबीच सहमति हुन सक्छ भनेर बुझ्न सकिन्छ । तर नयाँ संविधानले परराष्ट्र नीतिका बृहत् सिद्धान्तहरू दिए पनि नेपालको पहिचान के हुने भनेर प्रस्ट पारेको छैन । त्यसैले यस लेखले नेपालको पहिचानसँग सम्बन्धित केही प्रश्नको विश्लेषण गर्न खोजेको छ । ती प्रश्न हुन- अन्तर्राष्ट्रिय जगत्मा 'तल्लो तहका कामदारको देश' भनेर चित्रित हुन थालेको नेपालको छविलाई कसरी प्रतिस्थापन गर्ने ? कस्तो पहिचान बनाउँदा नेपाललाई विश्वमा सम्मान मिल्न सक्ला, जसलाई आर्थिक उन्नतिमा परिणत गरेर विदेशमा तल्लो तहमा काम गर्नुपर्ने नेपाली कामदारहरूको बाध्यता अन्त्य गर्न सकिएला ?

मानव सम्बन्धको धनी देश: सबैभन्दा पहिला आफ्नो व्यक्तिगत अनुभवका आधारमा विदेशीलाई नेपालका सबल पक्ष देखाउँदा त्यसले कस्तो फाइदा हुन्छ भन्ने उदाहरण प्रस्तुत गर्दै छु । विदेशमा, प्रायः बेलायत र डेनमार्क जस्ता विकसित देशहरूका विश्वविद्यालयमा विद्यार्थीलाई अन्तर्राष्ट्रिय सम्बन्ध विषय पढाउने अवसर पाउँदा मलाई एउटा विषयले निकै सताउँथ्यो । एउटा विश्वको कुनाको देशबाट आएको व्यक्तिले अन्तर्राष्ट्रिय सम्बन्धको मुख्य विषय (शक्तिशाली देशहरूबीचको सन्तुलन र संघर्ष) कसरी बुझेको होला भनेर विद्यार्थीले मलाई पत्याएनन् भने के गर्ने ? त्यसैले म कुनै पनि कक्षाको सुरुमा नेपाललाई आकर्षक ढंगमा प्रस्तुत गर्ने जमर्को गर्थें, जसबाट विदेशी विद्यार्थीहरूलाई म उनीहरूकै देशका शिक्षकभन्दा कम छैन भन्ने लागोस् । विश्व शक्ति र अर्थतन्त्रमा त नेपाल र उनीहरूको देशको कुनै तुलना नै हुन सक्दैनथ्यो । त्यसैले म मानव सम्बन्धको कुरा गर्थें, जसमा हामी तुलनात्मक रूपमा धनी भएको लाग्थ्यो । कक्षाको सुरुमै म उनीहरूलाई भन्थें- 'नेपालमा परिवार र समाजमा निकै आत्मीय सम्बन्ध छ । त्यहाँ अहिले पनि संयुक्त परिवारमा बस्ने चलन छ । सम्बन्धविच्छेद पनि नेपालमा अरू देशको तुलनामा निकै कम छ ।' इत्यादि । मेरो कुरा सुनेपछि युवा विद्यार्थीहरू, जो सबै सूचना प्रविधि प्रयोग गरेर हुर्केका जेन-जी थिए र भावनात्मक खुसीलाई महत्त्व दिन्थे, उत्सुक भएर नेपालका बारेमा अझै सोध्न थाल्थे । यसले उनीहरूको मप्रति सम्मान पनि बढ्थ्यो । यसको कारण ती विद्यार्थीले उनीहरूको समाजमा भावनात्मक सम्बन्ध कमजोर हुँदा विभिन्न किसिमको पीडाहरू भोग्नु परेर पनि होला । एउटी पढाइमा औसत, तर रमाइलो कुरा गर्ने नताशा नाम गरेकी विद्यार्थी थिइन् । उनका आमा र बुबाको सम्बन्धविच्छेद भएको थियो । त्यसपछि आमाले पनि अर्को विवाह गरेकी थिइन् र बुबाले पनि अर्को विवाह गरेका थिए । नताशालाई सौतिनी आमा पटक्कै मन पर्दैनथ्यो । सौतेनी बाबु त झनै असह्य लाग्थ्यो । त्यसैले उनी एक्लो महसुस गर्थिन्, उनको परिवार भएर पनि नभएको जस्तो उनलाई महसुस हुन्थ्यो । यस्तो मानसिक पीडा मात्रै होइन, अरू केही विद्यार्थीमा त विभिन्न मानसिक समस्याहरू नै थिए । त्यस्ता मानसिक समस्या भएका विद्यार्थी बढ्दै गएकाले उनीहरूप्रति संवेदनशील हुन पश्चिमा विश्वविद्यालयहरूले आजकल छुट्टै विशेष नीति कार्यान्वयन गर्न थालेका छन् । फेरि धेरै युवा विद्यार्थीहरू एकदमै मानसिक तनावमा पनि हुन्थे । उनीहरूको समाजमा अत्यन्तै प्रतिस्पर्धा बढेकाले ती विद्यार्थीलाई सबै क्षेत्रमा उत्कृष्ट हुनुपर्ने अदृश्य दबाब महसुस हुन्थ्यो । जस्तै, पढाइमा पनि राम्रो हुनुपर्ने, शरीर पनि चिटिक्क पार्नुपर्ने, सामाजिक सञ्जालमा पार्टी गरेका र छुट्टी मनाएका तस्बिर पनि राख्नुपर्ने आदि । उनीहरूको एक्लोपन, तनाव र पीडाको कथा सुन्दा त नेपालका विद्यार्थीहरूको अवस्था उनीहरूको भन्दा राम्रो देखिन्थ्यो । नेपालमा एउटा सरकारी विश्वविद्यालयमा पढाउँदा प्रायः विद्यार्थीहरू आत्मीय सम्बन्ध भएका नटुटेको स्थिर परिवारबाटै आएका हुन्थे । कमलो युवा नै भए पनि उनीहरूमा पश्चिमी मुलुकका विद्यार्थीहरू जस्तो मानसिक समस्या भएको पाइँदैनथ्यो । उनीहरूको अर्कै किसिमको गुनासो भने हुन्थ्यो- जस्तै, नेपालको सदाबहार भ्रष्टाचार, बेरोजगारी अनि बेथिति । तर यस्ता समस्याहरूले नेपाली विद्यार्थीलाई पारिवारिक समस्याले पश्चिमी विद्यार्थीलाई जस्तो मानसिक रूपमा विक्षिप्त गरेको पाइनँ । सायद मानिसलाई भौतिक अभावभन्दा पनि भावनात्मक सम्बन्धको असुरक्षाले बढी धेरै सताउँछ । हुन त अहिले हाम्रो परिवार र समाजमा यो आत्मीयता र भावनात्मक सम्बन्ध क्षीण हुँदै गएको छ । पश्चिमी विकासको मोडललाई आलोचनात्मक ढंगमा नअपनाई खालि नक्कल मात्र गर्नाले एकातिर भौतिक सम्पन्नता प्राप्त हुन सकेको छैन भने



अर्कातिर हामीसँग भएका भावनात्मक सुखका अद्भुत खजानाहरू पनि बिस्तारै गुम्दै जान थालेका छन् । मानिसहरूको स्वभाव नै अजीब हुँदोरहेछ, जे आफूसँग हुन्छ त्यसको महत्त्व नहुने, जे हुँदैन त्यसकै तृष्णा भइरहने । त्यसैले होला आर्थिक रूपमा सम्पन्न पश्चिमी युवाहरू भावनात्मक सम्बन्धको कमीले मानसिक रूपमा तड्पिन्छन् र नेपाली युवाहरूचाहिँ त्यो भावनात्मक सम्बन्धलाई चटक्क छाडेर आर्थिक समृद्धिको पछाडि विदेश दर्गुछन् । यो व्यक्तिगत अनुभवको उदाहरण नेपालको पहिचान के हुने भन्नेको सवालको पृष्ठभूमि हो, किनभने यसले हामीसँग केही यस्ता अमूल्य रत्नहरू छन्, जुन विश्वका विकसित मुलुकसँग चाहेर पनि छैनन् भन्ने देखाउँछ ।

नेपालको पहिचान: अहिलेको विश्वमा थुप्रै देशहरूबीच आफ्नो सबल पक्षलाई समेटेर अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो पहिचान बनाउने होडबाजी छ । यो कूटनीतिक सम्बन्धको अत्यन्तै महत्त्वपूर्ण पक्ष मानिन्छ । आफ्नो पहिचानलाई आकर्षक बनाए पो अन्य देशहरू सम्बन्ध बढाउन इच्छुक हुन्छन्, जसलाई पछि आर्थिक सम्बन्ध बिस्तारमा प्रयोग गर्न सकिन्छ । त्यसैले शक्तिशाली र सम्पन्न देशहरू मात्रै होइन, विकासोन्मुख र साना देशहरूले पनि आफ्नो पहिचान निर्माणलाई प्राथमिकता दिन थालेका छन् ।

जस्तै हिन्द महासागरले घेरिएको सानो देश सेसेल्सले 'नीलो अर्थतन्त्र' लाई आफ्नो पहिचान बनाएको छ । यसका लागि उसले 'नीलो अर्थतन्त्र' मा विश्वमै सबैभन्दा उच्च विज्ञता हासिल गर्दै यससम्बन्धी थुप्रै नयाँ प्रस्तावहरू अगाडि सारेको छ । तीमध्ये एक हो- 'महासागरमा आधारित दिगो विकास' । त्यस्तै भुटानले पनि 'खुसीको देश' भनेर आफ्नो पहिचान बनाएको छ । खुसीका विभिन्न आयामहरूलाई परिभाषित गर्दै भुटानले खुसीमा आधारित विकासको नयाँ मोडल प्रस्तुत गरेको छ । आफ्नो पहिचानलाई आकर्षक बनाए पो अन्य देशहरू सम्बन्ध बढाउन इच्छुक हुन्छन्, जसलाई पछि आर्थिक सम्बन्ध बिस्तारमा प्रयोग गर्न सकिन्छ । त्यसैले शक्तिशाली र सम्पन्न देशहरू मात्रै होइन, विकासोन्मुख र साना देशहरूले पनि आफ्नो पहिचान निर्माणलाई प्राथमिकता दिन थालेका छन् ।नेपालको हकमा भने विगतमा विश्वकै अग्लो शिखर सगरमाथा र आठ हजारमाथिका चौधमध्ये आठ हिमाल भएकाले विदेशीहरूले स्वतः सगरमाथा र हिमालको देश भनेर चिन्न थाले । तराईलाई यो पहिचानले आफूलाई समेटेको जस्तो लाग्थ्यो कि लाग्दैन थियो, त्यो थाहा भएन । तर उनीहरूलाई पनि समेट्ने नेपालको अर्को पहिचान पनि बिस्तारै विकास हुन थाल्यो । अन्तर्राष्ट्रियस्तरमा बुद्धको चर्चा बढेपछि सगरमाथा मात्र होइन, बुद्ध (जो तराईमा जन्मेका थिए) को देश भनेर पनि पहिचान अगाडि बढाउन खोजियो । सन् १९६० पछि पश्चिमा जगत्मा बुद्धको लोकप्रियता र प्रभाव बढेकाले होला, सन् १९७५ मा राजा वीरेन्द्रले 'शान्ति क्षेत्र' को अवधारणा प्रस्तुत गरे । यसलाई उनी नेपालको मुख्य अन्तर्राष्ट्रिय पहिचान पनि बनाउन चाहन्थे । तर यो विभिन्न कारणले कार्यान्वयन भएन ।

२१ औं शताब्दीमा नयाँ गणतान्त्रिक संविधान जारी भएपछि नयाँ परिवर्तन अनुसार विश्वमा नेपालको नयाँ पहिचानको परिकल्पना गर्नु ऐतिहासिक आवश्यकता थियो । तर गठबन्धनको बाध्यताले सरकारको स्थिरता सुनिश्चित नभएर होला नेतृत्वको ध्यान यसतर्फ पुग्न सकेन । अहिले भने परिस्थिति बदलिएको छ । झन्डै दुईतिहाइ निकट बहुमतको रास्वपा सरकारलाई पुरानो गठबन्धनको सरकारलाई जस्तो अस्थिरताको त्रास छैन । रास्वपाले अन्तर्राष्ट्रिय सम्बन्धको नयाँ रणनीतिक भिजन तयार पार्दै विश्वमा नेपालको नयाँ पहिचान बनाउन राष्ट्रिय सहमतिको निर्माण गर्न सक्छ ।

शान्ति राष्ट्र (ए नेसन अफ पिस) हुन त विविधताले भरिपूर्ण नेपालको पहिचान अनगिन्ती हुन सक्छन् । तर विदेशीहरूलाई त्यति धेरै पहिचानहरू बुझ्न र सम्झिन गाह्रो होला । त्यसैले सजिलोका लागि एउटा मुख्य पहिचान छान्ने हो भने त्यसका लागि 'शान्ति राष्ट्र' वा 'शान्तिभूमि' उपयुक्त हुन्छ, जसको अवधारणाका बारेमा मैले धेरै वर्ष अगाडिदेखि अनुसन्धान गर्दै आएको छु, जसलाई आजकल केही नेताहरूले पनि चर्चा गर्न थाल्नुभएको छ । यो अवधारणा परराष्ट्र मन्त्रालयले अघि सार्नु उपयुक्त हुन्छ, किनभने नेपालको 'शान्ति' सँगको नाता अन्य देशभन्दा अद्भुत छ । हाम्रा हिमालमा सदियौंदेखि शान्तिको शीतलता खोज्दै विश्वभरका मुसाफिरहरू झुम्मिन्थे । त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका थिए- 'मेरो मातृभूमिमा त्यो आर्यसभ्यता छ, जसले संसारलाई युगौंयुगसम्म आध्यात्मिक पोषण पुऱ्याउन सक्छ ।' शान्तिको सबैभन्दा विस्तृत र व्यवस्थित ज्ञान हाम्रै बुद्धले दिएका छन् । त्यसैले 'शान्ति राष्ट्र' को परिकल्पनाले हिमाली सभ्यताको सरलता मात्रै होइन, तराईको सभ्यताको गहनता पनि समेट्छ । प्राचीन इतिहास मात्रै होइन, भर्खरकै सन्दर्भ हेर्ने हो भने पनि वि.सं. २००७ सालदेखि जेन-जी विद्रोहसम्म नेपाली जनताले आफ्नो अधिकार, न्याय, समानता, स्वतन्त्रता र समृद्धिका लागि अनगिन्ती लडाइँ लडे, जसलाई दिगो शान्तिको खोज मान्न सकिन्छ । सायद दिगो शान्तिका लागि यसरी पटकपटक लडिरहने नेपाल जस्ता अन्य देश विरलै होलान् ।

*सांभार : कान्तिपुर ।*

# सिरहामा पशु हाट बजारको खाल्डोमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यू

जलेश्वरटुडे समाचारदाता
सिरहा, २८ असार

सिरहामा पशु हाट बजारको खाल्डोमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यू भएको छ ।



सिरहाको गोलबजार नगरपालिका वडा नं. ८ स्थित पुरानो चौक चोहर्वामा रहेको पशु हाटबजार परिसरको खाल्डोमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको हो । मृतकहरू अवास शेखका छोरी अन्दाजी १२ बर्षिय सबनम खातुन र १० वर्षिय रुबिना खातुन तथा छोरा ७ वर्षिय साइफुल शेख रहेका छन् । रौतहट जिल्लाको जिगरवा स्थायी घर भएका अवास शेख करिब तीन दशकदेखि गोलबजार नगरपालिका-७ मा परिवारसहित बसोबास गर्दै आएका थिए। घर भाडामा लिएर कवाडी संकलन गरी जीविकोपार्जन गर्दै आएका उनका पाँच सन्तानमध्ये तीन जना आइतवार करिब दिउँसो २:३० बजे घरबाट खेल्न निस्किएका थिए ।

खेल्ने क्रममा उनीहरू पशु हाटबजार परिसरको खाल्डोमा जमेको पानीमा नुहाउने क्रम्मा डुबेको बताइएको छ। सोही खाल्डो गाइ(गोरु र भैंसी लगायतका पशुहरुका लागि पानी खानका लागि बनाइएको बुझिएको छ । घटनापछि स्थानीयवासी तथा सुरक्षाकर्मीले उद्धार गरी उपचारका लागि अस्पताल पुऱ्याए पनि चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका छन् । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday